## प्लाष्टिक झोला प्रयोगमा रोक लगाउने सम्वन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०७३।०७४ को वजेट वक्तव्यमा प्लाष्टिक झोलाको प्रयोगवाट मानव, स्वास्थ्य, वातावरण र सहरी सौन्दर्यतामा प्रतिकुल प्रभाव पर्ने भएकोले तिनको आयात, निर्यात, विक्रि वितरण र प्रयोगमा रोक लगाउन उल्लेख भएकोले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालयवाट समेत सो सम्वन्धमा निर्देशन जारी भएको हुँदा यस जिल्लामा मिति २०७३।०५।१६ मा भएको सर्वदलीय/सर्वपक्षिय वैठकवाट मिति २०७३।०६।०१ देखि प्लाष्टिक झोलाको आयात, निर्यात, विक्री, वितरण र प्रयोगमा रोक लगाउने निर्णय भएको छ । अत: उक्त रोक लगाउने कार्य हुनु पूर्व उद्योगी, व्यापारी प्रयोगकर्ताहरुले आफु संग मौज्दात रहेका प्लाष्टिक झोलाहरुको उपयुक्त व्यवस्थापन गर्नुका साथै तिनको वैकल्पीक व्यवस्था समेत गरी डडेल्धुरा जिल्लालाई स्वच्छ, सफा र सुन्दर राख्न सहयोग गरि दिनहुन सम्वन्धित सबैमा अनुरोध गरिन्छ ।

२०७३।५।१६

अमरगढी नगरपालिका कार्यालय

डडेल्धुरा

कार्यकारी अधिकृत